विदेशी नागरिकहरूका लागि

# Yucho Tetsuzuki App

# प्रयोग गर्नको लागि गाइड




ゆうちょ手続き

**यो एप खाता खोल्ने र बसाइ अवधि जस्ता जानकारी अपडेट जहिले पनि सहजै गर्न सकिने Japan Post Bank को औपचारिक एप हो।**

**iPhone को लागि** **Android को लागि**

* iPhone चाहिँ अमेरिका र अन्य देशहरूमा दर्ता गरिएको Apple Inc. को ट्रेडमार्क हो।
* Android चाहिँ Google LLC को ट्रेडमार्क हो।

# विषय सूची

**राम्रा पोइन्टहरू!**

- ✓ **सदस्य दर्ता गर्नु पर्दैन!** तुरुन्तै एप प्रयोग गर्न सकिन्छ
- ✓ **धेरै भाषामा** खाता खोल्नको लागि आवेदन दिन र बसाइ अवधि जस्ता जानकारी अपडेट गर्न सकिन्छ
- ✓ **एक प्रश्न, एक उत्तर!** फटाफट एक पछि अर्को प्रश्नहरूको उत्तर दिँदै गर्दा प्रक्रिया पूरा गर्न सकिन्छ
- ✓ **स्मार्टफोनबाट सबै काम गर्न सकिन्छ!** आफ्नै समयमा घरमा बसेर पनि प्रक्रिया पूरा गर्न सकिन्छ

## Yucho Tetsuzuki App


एप प्रयोग गर्ने तरिका ..... पृष्ठ 3


## व्यक्ति पहिचान प्रमाणिकरण गर्नेबारे


व्यक्ति पहिचान प्रमाणिकरण गर्ने तरिका ..... पृष्ठ 4
पोस्ट बैंक पासबुक एप वा प्रमाणीकरण एप ..... पृष्ठ 5
व्यक्तिगत पहिचान कागजात ..... पृष्ठ 6
(निवास कार्ड / चालकको अनुमतिपत्र / व्यक्तिगत नम्बर कार्ड)
पिन नम्बर भर्ने ..... पृष्ठ 9
फोनद्वारा गरिने प्रमाणीकरण ..... पृष्ठ 9


## Yucho Tetsuzuki App मा गर्न सकिने कुराहरू


खाता खोल्ने ..... पृष्ठ 10
ग्राहकको जानकारी घोषणा ..... पृष्ठ 17
कारोबारको उद्देश्य आदिको घोषणा ..... पृष्ठ 20
बसाइ अवधि जस्ता जानकारी अपडेट ..... पृष्ठ 22
ठेगाना परिवर्तन ..... पृष्ठ 23
पिन नम्बर पुनः दर्ता ..... पृष्ठ 27
पासबुक / कार्ड पुनः जारी ..... पृष्ठ 31


## समस्यामा परेकाहरूको लागि


अक्सर सोधिने प्रश्नहरू ..... पृष्ठ 35
सोधपुछका लागि ..... पृष्ठ 37


⚠ यो गाइड बुकले "विदेशी नागरिकहरू" का लागि प्रयोग गर्ने तरिकाबारे परिचय दिन्छ।

* जापानी नागरिकहरूको लागि चाहिँ अर्कै गाइड बुक तयारी गरिएको छ।

**विदेशी नागरिकहरूका लागि**

## Yucho Tetsuzuki App

# एप प्रयोग गर्ने तरिका

“Yucho Tetsuzuki App” चाहिँ Japan Post Bank ले उपलब्ध गराएको औपचारिक एप हो।
खाता खोल्ने, ग्राहकको जानकारी घोषणा, ठेगाना परिवर्तन, पिन नम्बर पुनः दर्ता, पासबुक / कार्ड पुनः जारी आदि जहिले पनि सहजै गर्न सकिन्छ।

एक प्रश्न, एक उत्तर भएकोले सजिलै प्रक्रिया पूरा गर्न सकिन्छ।

केवल स्क्रिनमा देखाइने प्रश्नको उत्तर दिँदा सजिलै प्रक्रिया पूरा गर्न सकिन्छ।

**प्रश्न हेर्ने**




**उत्तर छनौट गर्ने!**




**प्रश्न हेर्ने**




**जानकारी भरेर पठाउने!**




## छनौट / भरेको विवरण सच्याउन चाहन्छु

यदि गलत जानकारी भरे पनि
“पुन: गर्ने” छनौट गरेर सच्याउन सकिन्छ।




## प्रक्रिया रोक्न चाहन्छु

स्क्रिनको सबैभन्दा माथिल्लो भागको “✕प्रक्रिया रोक्ने” छनौट गर्नुहोस्। रोकाइ सम्बन्धी गाइड देखाइने भएकोले “हो” छनौट गरेमा प्रक्रिया रोकिनेछ।

* त्यतिन्जेल भर्नुभएका जानकारीहरू रद्द हुने भएकोले होसियार हुनुहोस्।



## व्यक्ति पहिचान प्रमाणिकरण गर्नेबारे

# व्यक्ति पहिचान प्रमाणिकरण गर्ने तरिका

जुनसुकै प्रक्रिया पूरा गर्नको लागि व्यक्ति पहिचान प्रमाणिकरण गर्नु आवश्यक छ।
व्यक्ति पहिचान प्रमाणिकरण गर्ने तरिका निम्न अनुसार छ।

| | | |
|---|---|---|
| **खाता खोल्ने** | व्यक्तिगत पहिचान कागजात (निवास कार्ड) | |
| **ग्राहकको जानकारी घोषणा** (कारोबारको उद्देश्य आदिको घोषणा, बसाइ अवधि जस्ता जानकारी अपडेट) | **कारोबारको उद्देश्य आदिको घोषणा** | निम्न ❶ देखि ❸ मध्ये कुनै एउटा<br>❶ पोस्ट बैंक पासबुक एप वा प्रमाणीकरण एप *1<br>❷ व्यक्तिगत पहिचान कागजात (निवास कार्ड, चालकको अनुमतिपत्र, व्यक्तिगत नम्बर कार्डमध्ये कुनै एउटा)<br>❸ जन्ममिति / पिन नम्बर भर्ने |
| | **बसाइ अवधि जस्ता जानकारी अपडेट** | व्यक्तिगत पहिचान कागजात (निवास कार्ड) |
| **ठेगाना परिवर्तन** | व्यक्तिगत पहिचान कागजात (निवास कार्ड) + पिन नम्बर भर्ने + फोनद्वारा गरिने प्रमाणीकरण | |
| **पिन नम्बर पुनः दर्ता** | निम्न ❶ वा ❷ मध्ये कुनै एउटा<br>❶ पोस्ट बैंक पासबुक एप वा प्रमाणीकरण एप *1*2<br>❷ व्यक्तिगत पहिचान कागजात (निवास कार्ड, चालकको अनुमतिपत्र वा व्यक्तिगत नम्बर कार्डमध्ये कुनै एउटा) | |
| **पासबुक / कार्ड पुनः जारी** | निम्न ❶ वा ❷ मध्ये कुनै एउटा<br>❶ पोस्ट बैंक पासबुक एप वा प्रमाणीकरण एप *1*2<br>❷ व्यक्तिगत पहिचान कागजात (निवास कार्ड, चालकको अनुमतिपत्र वा व्यक्तिगत नम्बर कार्डमध्ये कुनै एउटा) + पिन नम्बर भर्ने | |

*1 पोस्ट बैंक पासबुक एप प्रयोग गर्नको लागि पहिले नै प्रमाणीकरण जानकारी दर्ता गर्नु आवश्यक छ।
*2 "कागजातबाट व्यक्ति पहिचान प्रमाणिकरण गर्ने (eKYC)" गरिसक्नुभएको छ भने मात्र प्रयोग गर्न सकिन्छ।


**पोस्ट बैंक पासबुक एप वा प्रमाणीकरण एप** ........ पृष्ठ 5
**व्यक्तिगत पहिचान कागजात** ........ पृष्ठ 6
**पिन नम्बर भर्ने** ........ पृष्ठ 9
**फोनद्वारा गरिने प्रमाणीकरण** ........ पृष्ठ 9

विदेशी नागरिकहरूका लागि

# पोस्ट बैंक पासबुक एप वा प्रमाणीकरण एप

पोस्ट बैंक पासबुक एप वा प्रमाणीकरण एप दर्ता गरेकाहरू Yucho Tetsuzuki App को व्यक्ति पहिचान प्रमाणिकरण गर्दा त्यो प्रयोग गर्न सक्नुहुन्छ।

* पोस्ट बैंक पासबुक एप प्रयोग गर्नको लागि पहिले नै प्रमाणीकरण जानकारी दर्ता गर्नु आवश्यक छ।

पोस्ट बैंक पासबुक एप




प्रमाणीकरण एप




"एप खोल्नुहोस्" बटन थिच्नुहोस्।
पोस्ट बैंक पासबुक एप वा प्रमाणीकरण एप खोल्न
गाइड अनुसार व्यक्ति पहिचान प्रमाणिकरण गर्नुहोस्।
व्यक्ति पहिचान प्रमाणिकरण गरेपछि स्वत: Yucho Tetsuzuki App मा गइन्छ।

## ⓘ पोस्ट बैंक पासबुक एप वा प्रमाणीकरण एप Yucho Tetsuzuki App प्रयोग गरेको भन्दा फरक उपकरणमा प्रयोग गरेको खण्डमा

(उदाहरण) प्रमाणीकरण एप







"QR कोड डिस्प्ले गर्नुहोस्" छनौट गर्नुहोस्।

* QR कोड चाहिँ DENSO WAVE INCORPORATED को दर्ता गरिएको ट्रेडमार्क हो।

अर्के उपकरणको पोस्ट बैंक पासबुक एप वा प्रमाणीकरण एपबाट QR कोड स्क्यान गरेपछि निर्देशन अनुसार व्यक्ति पहिचान प्रमाणिकरण गर्नुहोस्। प्रमाणीकरण गरिसकेपछि Yucho Tetsuzuki App बाट "प्रमाणीकरण पूरा भयो" बटन थिच्नुहोस्।

## व्यक्ति पहिचान प्रमाणिकरण गर्ने तरिका

विदेशी नागरिकहरूका लागि

# व्यक्तिगत पहिचान कागजात

निवास कार्ड | चालकको अनुमतिपत्र | व्यक्तिगत नम्बर कार्ड

**1** प्रयोग गर्ने व्यक्तिगत पहिचान कागजात छनौट गरेपछि एपद्वारा रिडिङ गर्नुहोस्। स्क्रिनको निर्देशन अनुसार कदम चाल्नुहोस्।

* केही गाइड ग्राहक अनुसार फरक हुन सक्छ।

### निवास कार्ड

निवास कार्डको नम्बर भर्नुहोस्।

* खाता खोल्नको लागि बसाइ अवधिको म्याद समाप्त हुने मिति 3 महिना भन्दा कम वा हालको ठेगाना उल्लेख नगरिएको खण्डमा प्रक्रिया पूरा गर्न सकिँदैन।

* तपाईंको अनुहारको फोटो नभएको निवास कार्ड प्रयोग गर्न सकिँदैन।

### चालकको अनुमतिपत्र

जारी वा नवीकरण गरेको बेला आफैले दर्ता गरेको 2 वटा किसिमका पिन नम्बर भर्नुहोस्। पिन नम्बर भर्दा 3 पटक गल्ती गरेमा लक हुनेछ।

* लक खोल्नको लागि नजिकैको प्रहरी चौकी वा चालकको अनुमतिपत्र केन्द्रमा प्रक्रिया गर्नुपर्छ।

### व्यक्तिगत नम्बर कार्ड

कार्डमा (अगाडिको भाग) उल्लेखित जानकारी भर्नुहोस्।

* यो एपमा गरिने प्रक्रियामा यो बैंकले तपाईंको व्यक्तिगत नम्बर प्राप्त गर्ने छैन।



(उदाहरण) निवास कार्ड



(उदाहरण) चालकको अनुमतिपत्र



(उदाहरण) व्यक्तिगत नम्बर कार्ड

### IC चिप रिडिङ गर्न नसकेको खण्डमा

- चार्जर र इयरफोनको केबल निकाल्नुहोस्।
- स्मार्टफोन पर्याप्त मात्रामा चार्ज गर्नुहोस्।
- IC कार्ड धातुको टेबुलमा नराख्नुहोस्।
- कार्डलाई कभरबाट निकाल्नुहोस्।
- रिडिङ स्क्रिन देखा परेपछि एकछिन नचलाउनुहोस्।
- स्मार्टफोनमा टाँस्ने ठाउँ परिवर्तन गरेर प्रयास गर्नुहोस्।
- स्मार्टफोन कभरबाट निकालेमा रिडिङ गर्न सहज हुन सक्छ।
- स्मार्टफोनमा रिङ्ग जडान गरिएको छ भने निकाल्नुहोस्।
- स्मार्टफोनमा कार्ड चपक्क टाँसेर रिडिङ नसकुन्जेल एकछिन पर्खनुहोस्। 15 सेकन्ड जति समय लाग्न सक्छ।
- स्मार्टफोनको सेटिङ्ग परिवर्तन गर्नुभयो भने समस्या हट्न सक्छ।

Step. 2 को लागि अर्को पृष्ठमा

# व्यक्ति पहिचान प्रमाणिकरण गर्ने तरिका

## व्यक्तिगत पहिचान कागजात

निवास कार्ड | चालकको अनुमतिपत्र | व्यक्तिगत नम्बर कार्ड

* ②, ③ चाहिँ केही ग्राहकहरूलाई देखा पर्दैन।




एपको निर्देशन अनुसार निवास कार्डको "पछाडि" को फोटो खिच्नुहोस्।
यदि निवास कार्ड कभरमा हाल्नुभएको छ भने बाहिर निकालेर फोटो खिच्नुहोस्।




खिचेको फोटो चेक गर्नुहोस्।
खिचेको फोटो अस्पष्ट भएमा "पुनः लिनुहोस्" छनौट गर्नुहोस्।




निवास कार्डको "पछाडि" को फोटो खिचिसकेपछि एपको निर्देशन अनुसार तपाईंको अनुहारको फोटो खिच्नुहोस्।
हरियो चेक मार्क देखा पर्यो भने फोटो खिच्ने काम सिद्धियो।

### ⓘ अनुहारको फोटो राम्रोसँग खिच्न नसकेको खण्डमा

- उज्यालो ठाउँमा खिच्नुहोस्।
- क्यामेरामा औँलाको छाप वा फोहोर लागेमा नरम कपडाले पुछ्नुहोस्।
- चस्मा, टोपी र मास्क फुकाल्नुहोस्।

# व्यक्ति पहिचान प्रमाणिकरण गर्ने तरिका

## व्यक्तिगत पहिचान कागजात

निवास कार्ड | चालकको अनुमतिपत्र | व्यक्तिगत नम्बर कार्ड

### खाता खोल्नको लागि




क्यामेरा सुरु गरेर निवास कार्डको “अगाडिको भाग” को फोटो खिच्नुहोस्। यदि निवास कार्ड केसमा राखिएको छ भने बाहिर निकालेर फोटो खिच्नुहोस्।




स्क्रिनको निर्देशन अनुसार निवास कार्डको “अगाडिको भाग” लाई फ्रेम भित्र पारेर खिच्नुहोस्।




खिचिएको फोटो जाँच गर्नुहोस्। फोटो अस्पष्ट भएको वा निवास कार्ड (अगाडिको भाग) बाहेक केही चिज खिचिएको खण्डमा फेरि फोटो खिच्नुहोस्।

### ⓘ फेरि फोटो खिच्नुपर्ने अवस्था

✕ 

फोटो अस्पष्ट भएको

✕ 

निवास कार्ड बाहेक केही चिज पनि सँगै खिचिएको

## व्यक्ति पहिचान प्रमाणिकरण गर्ने तरिका

# पिन नम्बर भर्ने




बैंक खातामा दर्ता गरिएको नगद कार्डको पिन नम्बर भर्नुहोस्।

* प्रतिनिधि कार्ड पुनः जारी गर्नको लागि पनि मुख्य कार्डकै पिन नम्बर भर्नुहोस्।

# फोनद्वारा गरिने प्रमाणीकरण

खातामा दर्ता गरिएको फोन नम्बर ल्याण्डलाइन फोनको भयो भने आवाजबाट तर
मोबाइलको भयो भने सर्ट मेसेज (SMS) बाट व्यक्ति पहिचान प्रमाणिकरण गर्ने कोड बुझाइनेछ।

1




खातामा दर्ता गरिएको फोन नम्बर देखा पर्नेछ। गल्ती छ कि छैन, पक्का गर्नुहोस्।

* अन्तिम 3 वटा अङ्कहरू चाहिँ लुकाइएको छ।

2




“Issue an identity verification code (व्यक्ति पहिचान प्रमाणिकरण गर्ने कोड जारी गर्ने)” बटन थिच्नुहोस्।

3




आवाज वा सर्ट मेसेज (SMS) बाट बुझाइने व्यक्ति पहिचान प्रमाणिकरण गर्ने कोड भर्नुहोस्।

## Yucho Tetsuzuki App मा गर्न सकिने कुराहरू

# खाता खोल्ने

निवास कार्ड भएमा खाता खोल्नको लागि आवेदन दिन सकिन्छ।
खाता खोल्नको लागि आवेदनका विवरणहरू अपरेशन सहायता केन्द्रले जाँच गर्नेछ।
Yucho Tetsuzuki App द्वारा चाहिँ पासबुक जारी नगरिने पासबुक-रहित एकीकृत खाता "Yucho Direct + (Plus)" को लागि मात्र आवेदन दिन सकिन्छ।

* अपरेशन सहायता केन्द्रले जाँच गरेको नतिजा साधारणतया 1 हप्ता पछि तपाईंले बुझाउनुभएको इमेल ठेगानामा पठाउनेछ।

* यो एपले खाता खोल्ने बेला छाप दर्ता गर्ने छैन। * सार्वजनिक सेवा शुल्कको भुक्तानीका लागि बैंक खाताबाट पैसा काट्ने जस्ता सुविधा प्रयोग गर्न छाप दर्ता चाहिएको व्यक्तिले खाता खोलेपछि IC नगद कार्ड / दर्ता गर्ने छाप / अनुहारको फोटो सहितको व्यक्तिगत पहिचान कागजात (निवास कार्ड / चालकको अनुमतिपत्र / व्यक्तिगत नम्बर कार्ड आदि) लिएर नजिकैको Japan Post Bank वा हुलाक कार्यालय बचत काउन्टरमा छाप दर्ताको लागि प्रक्रिया पूरा गर्नुहोस्।

* पासबुक चाहिएको खण्डमा पासबुक नवीकरणका लागि ATM मा नगद कार्ड प्रयोग गरेर पासबुक जारी गर्ने (पासबुक समेतको खातामा परिवर्तन) प्रक्रिया पूरा गर्न सकिन्छ। खाता खोलेको 2 महिनाभित्र तथा पहिलो पटकको लागि मात्र शुल्क लाग्दैन (2 महिना बितिसकेको खण्डमा तोकिएको शुल्क लाग्नेछ)।

## ● खाता खोल्न सक्ने व्यक्तिहरू

- Japan Post Bank को एकीकृत खाता नभएका ग्राहकहरू
- 16 वर्ष वा सोभन्दा बढी उमेरका व्यक्तिगत ग्राहकहरू
- जापानभित्र बसोबास गरेका ग्राहकहरू

### ⚠ निम्न व्यक्तिहरूले प्रक्रिया गर्न सक्नुहुन्न

- पहिल्यै Japan Post Bank को एकीकृत खाता बनाएका ग्राहकहरू
- व्यवसायको लागि खाता प्रयोग गर्न चाहने व्यक्तिगत ग्राहकहरू
- कर्पोरेट / संस्था (कानुनी व्यक्तित्व बिनाको सङ्घ) का ग्राहकहरू
- 16 वर्षभन्दा मुनिका ग्राहकहरू
- विदेशी नागरिक तर निवास कार्ड नभएका ग्राहकहरू (विशेष स्थायी निवासी / कूटनीतिज्ञ आदि)
- निवास कार्डको बसाइ अवधिको म्याद समाप्त हुने मिति 3 महिनाभन्दा कम वा निवास कार्ड नवीकरण प्रक्रियामा रहेका ग्राहकहरू
- विदेशी सरकार आदिमा महत्त्वपूर्ण औपचारिक ओहदाको व्यक्ति / उहाँका परिवार (विदेशी PEPs (राजनीतिक रूपमा प्रभावशाली व्यक्ति)) मा पर्ने ग्राहकहरू
- जापानमा बसोबास नगरेका ग्राहकहरू
- वयस्क अभिभावकत्व प्रणाली प्रयोग गरेका ग्राहकहरू
- नाममा II, III आदि समावेश हुने ग्राहकहरू

## ● प्रक्रियाका लागि आवश्यक चिजहरू

आवश्यक चिजहरू चाहिँ दैनिक प्रयोग गरेको स्मार्टफोन, व्यक्तिगत पहिचान कागजात (निवास कार्ड आदि) र इमेल ठेगाना हुन्।

निवास कार्ड *1 + (यदि बसोबास योग्यता "Student" वा "Technical Intern Training" भयो भने: विद्यार्थी परिचयपत्र अथवा कर्मचारी परिचयपत्र अथवा रोजगार प्रमाणपत्र *2) + इमेल ठेगाना

*1 आवेदन दिएको मितिदेखि बसाइ अवधिको म्याद समाप्त हुने मितिसम्मको अवधि 3 महिनाभन्दा बढी हुनुपर्छ र हालको ठेगाना उल्लेख गरिएको हुनुपर्छ।

*2 आबद्धता भएको पुष्टि गर्ने विद्यार्थी परिचयपत्र वा कर्मचारी परिचयपत्र आदि नभएको खण्डमा यो बैंकको वेबसाइटमा उल्लेखित आबद्धता / भर्ना प्रमाणपत्र फर्म्याट प्रयोग गर्नुहोस् (कार्यस्थल वा शिक्षण संस्थाको सम्बन्धित् अधिकारीले फाराम भर्नुहोस्)।

# खाता खोल्ने

## प्रक्रिया सुरु गर्नु अघि चेक गर्नुहोस्।




एप प्रयोग गर्नको लागि सुचारु गरेपछि देखाइने प्रयोगका सर्तहरूमा सहमत हुनु जरुरी छ। प्रयोगका सर्तहरू छनौट गरेर विवरण पढिसकेपछि सहमत हुनुभयो भने “同意する (Agree)” बटन थिच्नुहोस्।




एपको गृहपृष्ठमा “म नयाँ खाता बनाउन चाहन्छु” छनौट गर्नुहोस्।




व्यक्तिगत जानकारीको प्रयोगबारे विवरण पढिसकेपछि सहमत हुनुभयो भने “सहमत छु” बटन थिच्नुहोस्।




Japan Post Bank वा हुलाक कार्यालयमा यो एपको जानकारी गराइएको हो भने, कृपया ह्यान्डलिङ शाखा नम्बर भर्नुहोस्। प्रक्रियाको प्रवाह हेरेपछि “बन्द गर्नुहोस्” बटन थिच्नुहोस्।

Yucho Tetsuzuki App मा गर्न सकिने कुराहरू

विदेशी नागरिकहरूका लागि

# खाता खोल्ने

| Step. 1 महत्त्वपूर्ण सूचनाहरूको जाँच गर्नुहोस् | Step. 2 व्यक्ति पहिचान प्रमाणिकरण | Step. 3 आवश्यक जानकारी प्रविष्ट गर्नुहोस् | Step. 4 प्रक्रियाको विषयवस्तु जाँच गर्नुहोस् |
|---|---|---|---|




महत्त्वपूर्ण सूचनाहरूको जाँच गर्नुहोस्। प्रक्रिया गर्न नसक्ने ग्राहकहरू र खाताका विशेषताहरूबारे व्याख्या गरिएको छ।




नागरिकता छनौट गरेर Step.2 मा जानुहोस्।

## ⚠ ध्यान दिनुहोस्

- जाँचको नतिजा स्वरूप खाता खोल्न अस्वीकार गर्न पनि सकिन्छ।
- JP BANK कार्ड र युच्यो डेबिट कार्डको लागि खाता खोलिसकेपछि आवेदन दिन सकिन्छ।
- अवश्य आफ्नै व्यक्तिगत पहिचान कागजात प्रयोग गरेर प्रक्रिया गर्नुहोस्।

| Step. 1 महत्त्वपूर्ण सूचनाहरूको जाँच गर्नुहोस् | Step. 2 व्यक्ति पहिचान प्रमाणिकरण | Step. 3 आवश्यक जानकारी प्रविष्ट गर्नुहोस् | Step. 4 प्रक्रियाको विषयवस्तु जाँच गर्नुहोस् |
|---|---|---|---|




निवास कार्ड छ कि छैन, छनौट गर्नुहोस्।

### व्यक्ति पहिचान प्रमाणिकरण गर्नेबारे

वास्तविक प्रक्रियाको लागि पृष्ठ 4 देखि 9 मा लेखिएको “व्यक्ति पहिचान प्रमाणिकरण गर्नेबारे” हेर्नुहोस्। खाता खोल्नको लागि निवास कार्ड बाट व्यक्ति पहिचान प्रमाणिकरण गर्नुहोस्।

व्यक्ति पहिचान प्रमाणिकरण गरिसकेपछि Step. 3 महत्त्वपूर्ण सूचनाहरूको जाँच गर्नुहोस् मा जानुहोस्।

# खाता खोल्ने

| Step. 1 | Step. 2 | Step. 3 | Step. 4 |
|---|---|---|---|
| महत्त्वपूर्ण सूचनाहरूको जाँच गर्नुहोस् | व्यक्ति पहिचान प्रमाणिकरण | आवश्यक जानकारी प्रविष्ट गर्नुहोस् | प्रक्रियाको विषयवस्तु जाँच गर्नुहोस् |

1




चयाटको निर्देशन अनुसार तपाईंको नागरिकता पक्का गर्नुहोस्।

2




बसोबास योग्यता वा नाममा कुनै पनि गल्ती नभएको कुरा पक्का गर्नुहोस्।
सच्याउनु परेमा च्याटको निर्देशन अनुसार सच्याउनुहोस्।
आफ्नो नाम (काताकाना) जापानी अक्षरमा भर्ने तरिका थाहा नभएमा त्यो पक्का गरेपछि भर्नुहोस्।

## ⓘ यदि बसोबास योग्यता "Student" वा "Technical Intern Training" भयो भने

विद्यार्थी परिचयपत्र, कर्मचारी परिचयपत्र वा रोजगार प्रमाणपत्रमध्ये * कुनै एउटाको फोटो खिच्नुपर्छ।
आवश्यक कागजात तयारी गरेर निर्देशन अनुसार क्यामेराले खिच्नुहोस्।

1




2




* तपाईंको नाम र कार्यस्थल वा आबद्ध शिक्षण संस्था उल्लेख गरिएको र उल्लेखित नाम निवास कार्डसँग मेल खाएको हुनुपर्छ।
साथै, बसोबासको प्रमाणपत्र वा व्यक्तिगत नम्बरको सूचनाबाट चाहिँ कार्यस्थल वा आबद्ध शिक्षण संस्था पुष्टि गर्न नसकिने भएकोले रोजगार प्रमाणपत्रको रूपमा प्रयोग गर्न सकिँदैन।

⚠
- फोटो खिच्ने बेला पृष्ठभूमिमा अनावश्यक चिज नआउन होसियार हुनुहोस्।
- अस्पष्ट भएको वा अनावश्यक चिज पनि सँगै खिचिएको अवस्थामा आवेदन दिएमा अपरेशन सहायता केन्द्रले विवरण जाँच गर्न नसकेर फेरि आवेदन दिन आग्रह गर्न सक्छ।

## ⓘ ठेगाना पुष्टि गर्नेबारे

च्याट स्क्रिनमा देखाइएको ठेगाना र निवास कार्डमा लेखिएको ठेगाना मेल खान्छ कि पुष्टि गर्नुहोस्।

### ⚠ ठेगाना भर्नको लागि नोट

ब्लक नम्बर (बान्ची) र घर नम्बर (गोउ) को लागि "- (ड्यास)" प्रयोग गर्न सकिन्छ।

विदेशी नागरिकहरूका लागि

# खाता खोल्ने

Step. 1 महत्त्वपूर्ण सूचनाहरूको जाँच गर्नुहोस्
Step. 2 व्यक्ति पहिचान प्रमाणिकरण
Step. 3 आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्
Step. 4 प्रक्रियाको विषयवस्तु जाँच गर्नुहोस्

3




च्याटको निर्देशन अनुसार तपाईंको बसोबास गर्ने देश (कर तिर्ने देश) आदि भर्नुहोस्।
साथै, कारोबारको समयमा प्रमाणीकरणबारे हेरेपछि खाता प्रयोग गर्ने उद्देश्य आदि भर्नुहोस्।

4




अन्तमा खाता प्रयोग गर्नको लागि आवश्यक जानकारी सेटिङ्ग गर्नुहोस्।

- नगद कार्डको पिन नम्बर
- Yucho Direct *1 को लगइन पासवर्ड तथा 1 दिनको स्थानान्तरण वा भुक्तानीको अधिकतम सीमा रकम *2

## ⚠ ध्यान दिनुहोस्

- बसोबास गर्ने देश भनेको तपाईंको कर सम्बन्धी ठेगाना आदि भएको देशलाई जनाउँछ। यदि तपाईं जापानको बासिन्दा हुनुहुन्छ भने "जापान" लाई बसोबास गर्ने देशको रूपमा घोषणा गर्नुपर्छ। नबुझेका कुराहरू भएमा नजिकैको कर कार्यालयमा सोधपुछ गर्नुहोस्।
- कर सन्धिहरूको कार्यान्वयन सम्बन्धी विशेष प्रावधान कानुन अनुसार केही निश्चित गैर-आवासीय ग्राहकहरूको खाता विवरण (नाम, ठेगाना, जन्ममिति, (बसोबास गर्ने देश / करदाता नम्बर, खाताको मौज्दात आदि)) राष्ट्रिय कर एजेन्सीलाई रिपोर्ट गरिनेछ।
- बसोबास गर्ने देश (कर तिर्ने देश) आदिको घोषणा चाहिँ कानूनी कर्तव्य भएकोले घोषणा तथा राष्ट्रिय कर एजेन्सीलाई रिपोर्ट गर्नमा सहमत हुनुहुन्न भने विभिन्न कारोबारहरू स्वीकार गर्न सकिने छैन। पहिल्यै बुझिराख्नुहोस्।
- अमेरिकी कर कानून "विदेशी खाता कर अनुपालन ऐन (FATCA)" अनुसार विभिन्न कारोबारहरूको क्रममा अमेरिकी नागरिक भएको संकेत जानकारी पाइएमा IRS (संयुक्त राज्य अमेरिकाको आन्तरिक राजस्व सेवा) लाई जानकारी खुलासा गर्ने सम्बन्धी सहमति पत्र पेस गर्न अनुरोध गरिन्छ।

## ⚠ ध्यान दिनुहोस्

Yucho Direct *1 को लगइन पासवर्ड निम्न सर्तहरू सबै पूरा गर्ने पासवर्ड सेटिङ्ग गर्नुहोस्।
साथै, चिन्हहरू ("@", "!"आदि) प्रयोग गर्न सकिँदैन।

- 8 देखि 12 अङ्कको आधा साइजका अक्षरहरू
- अङ्क, सानो अंग्रेजी अक्षर र ठूलो अंग्रेजी अक्षर प्रत्येकबाट कम्तिमा 1 अक्षर प्रयोग गरेको

माथिका सर्तहरू पूरा नभएमा पक्का गर्ने बटन छनौट गर्न सकिँदैन।

पासवर्ड देखाउँदै भर्न सकिन्छ।




* पासवर्ड अरूलाई थाहा नदिनको लागि यो प्रयोग गर्ने ठाउँ र व्यवस्थापनमा सावधानी अपनाउनुहोस्।

*1 इन्टरनेट बैंकिङ्ग

*2 Yucho Direct तथा पोस्ट बैंक पासबुक एपबाट 1 दिनमा गर्न सकिने स्थानान्तरण वा भुक्तानीको कुल अधिकतम सीमा रकम

विदेशी नागरिकहरूका लागि

# खाता खोल्ने

Step. 1 महत्त्वपूर्ण सूचनाहरूको जाँच गर्नुहोस्

Step. 2 व्यक्ति पहिचान प्रमाणिकरण

Step. 3 आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्

**Step. 4 प्रक्रियाको विषयवस्तु जाँच गर्नुहोस्**




जाँच गर्नुपर्ने बुँदाहरू पक्का गरिसकेपछि प्रक्रियामा कुनै पनि गल्ती नभएको कुरा पक्का गर्नुहोस्। सच्याउनु परेमा “सुधार” बटन थिचेर सच्याउनुहोस्।




विवरणमा गल्ती छैन भने “पुष्टि गरी अर्कोमा जाने” छनौट गर्नुहोस्।




अपरेशन सहायता केन्द्रले आवेदनका विवरणहरू जाँच गर्नेछ।

* आज चाहिँ आवेदन मात्र स्वीकृत गरिनेछ।




जाँचको नतिजा प्राप्त गर्नको लागि इमेल ठेगाना दर्ता गर्नुहोस्।




दर्ता गरिएको इमेल ठेगानामा पुष्टिकरण नम्बर पठाइनेछ। एपमा भर्नुहोस्।




आवेदनका प्रक्रियाहरू पूरा भयो! स्क्रिनमा देखाइने रसिद नम्बर अवश्य आफूसँग राखिराख्नुहोस्।

# खाता खोल्ने

## नोट

### जाँच गरेको नतिजा इमेल

दर्ता गरिएको इमेल ठेगानामा जाँच गरेको नतिजा पठाइनेछ।

* जाँच गरेको नतिजा साधारणतया 1 हप्तामा खबर गरिनेछ।

### नगद कार्ड

जाँच गरेको नतिजा स्वरूप खाता खोल्न मिलेमा नगद कार्ड खाता खोलिएपछि साधारणतया 1 हप्तामा दर्ता गरिएको ठेगानामा पठाइनेछ (पठाइने तरिका : अर्कै ठेगानामा ट्रान्सफर गर्न नमिल्ने र सामान्य दर्ता गरिएको हुलाक)। तपाईंले नगद कार्ड हुलाकबाट प्राप्त गर्नुभएन भने खाताको कारोबारमा सिमित पारिन सक्ने भएकोले होसियार हुनुहोस्।

* जाँच गरेको नतिजा स्वरूप खाता खोल्न नमिल्न सक्ने भएकोले पहिल्यै त्यो कुरा बुझिराख्नुहोस्।

### खाताको जानकारी

नगद कार्ड सँगसँगै "Yucho Direct को ग्राहक नम्बर" को कागजातहरू * पठाइनेछ। "ग्राहक नम्बर" र खाता खोलेको बेला सेटिङ्ग गर्नुभएको Direct लगइन पासवर्ड प्रयोग गरेर Yucho Direct मा पहिलो पटक लगइन गर्नुहोस्।

* "ग्राहक नम्बर" र "खाता नम्बर" उल्लेख गरिएकोले राम्रोसँग राखिराख्नुहोस्।

## खाता खोलेकाहरूको लागि सिफारिस

**पोस्ट बैंक पासबुक एप** चाहिँ तपाईंले दैनिक प्रयोग गर्नुहुने स्मार्टफोनबाट आफ्नो खातामा रहेको रकम, पैसा जम्मा गरेको र निकालेको विवरण हेर्न अनि पैसा पठाउन सकिने एप हो। खाता खोलेपछि तुरुन्तै प्रयोग गर्न सकिन्छ!

iPhone को लागि

Android को लागि

## Yucho Tetsuzuki App मा गर्न सकिने कुराहरू

# ग्राहकको जानकारी घोषणा

ग्राहकको जानकारी घोषणा (कारोबारको उद्देश्य आदिको घोषणा, बसाइ अवधि जस्ता जानकारी अपडेट) गर्न सकिन्छ।
ATM वा Yucho Direct आदिमा कारोबारको उद्देश्य सम्बन्धी मेसेज देखा परेकाहरू पनि यो एपबाट प्रक्रिया पूरा गर्न सक्नुहुन्छ।

## ● ग्राहकको जानकारी घोषणा गर्न सक्ने व्यक्तिहरू

**Japan Post Bank मा आफ्नो एकीकृत खाता बनाइसकेका व्यक्तिगत ग्राहकहरू**

### ⚠ निम्न व्यक्तिहरूले प्रक्रिया गर्न सक्नुहुन्न

- व्यवसायको लागि खाता प्रयोग गरेका व्यक्तिगत ग्राहकहरू
- कर्पोरेट / संस्था (कानुनी व्यक्तित्व बिनाको सङ्घ) का ग्राहकहरू
- विदेशी सरकार आदिमा महत्त्वपूर्ण औपचारिक ओहदाको व्यक्ति / उहाँका परिवार (विदेशी PEPs (राजनीतिक रूपमा प्रभावशाली व्यक्ति)) मा पर्ने ग्राहकहरू
- नगद सेवा प्रयोग नगरेका ग्राहकहरू

## ● प्रक्रियाका लागि आवश्यक चिजहरू

आवश्यक चिजहरू चाहिँ दैनिक प्रयोग गरेको स्मार्टफोन र निम्न 1 देखि 3 मध्ये कुनै एउटा हुन्।
बसाइ अवधि जस्ता जानकारी अपडेट गर्न निवास कार्ड चाहिन्छ।

**1 पोस्ट बैंक पासबुक एप**
अथवा
**प्रमाणीकरण एप**

ゆうちょ認証

**2 व्यक्तिगत पहिचान कागजात**
(निवास कार्ड, चालकको अनुमतिपत्र वा व्यक्तिगत नम्बर कार्ड * मध्ये कुनै एउटा)

**3 जन्ममिति / पिन नम्बर भर्ने**

* * * *

* यो एपमा गरिने प्रक्रियामा यो बैंकले तपाईंको व्यक्तिगत नम्बर प्राप्त गर्ने छैन।

# ग्राहकको जानकारी घोषणा

## प्रक्रिया सुरु गर्नु अघि चेक गर्नुहोस्।




एप प्रयोग गर्नको लागि सुचारु गरेपछि देखाइने प्रयोगका सर्तहरूमा सहमत हुनु जरुरी छ। प्रयोगका सर्तहरू छनौट गरेर विवरण पढिसकेपछि सहमत हुनुभयो भने "同意する (Agree)" बटन थिच्नुहोस्।




एपको गृहपृष्ठमा "मेरो ग्राहक जानकारी घोषणा गर्न चाहन्छु / बस्ने अवधि जस्ता जानकारी अपडेट" छनौट गर्नुहोस्।




व्यक्तिगत जानकारीको प्रयोगबारे विवरण पढिसकेपछि सहमत हुनुभयो भने "सहमत छु" बटन थिच्नुहोस्।




Japan Post Bank वा हुलाक कार्यालयमा यो एपको जानकारी गराइएको हो भने, कृपया ह्यान्डलिङ शाखा नम्बर भर्नुहोस्। प्रक्रियाको प्रवाह हेरेपछि "बन्द गर्नुहोस्" बटन थिच्नुहोस्।

# ग्राहकको जानकारी घोषणा

**Step. 1 ध्यान दिनुपर्ने कुराहरूको जाँच** | Step. 2 व्यक्ति पहिचान प्रमाणिकरण | Step. 3 आवश्यक जानकारी प्रविष्ट गर्नुहोस् | Step. 4 प्रक्रियाका विषयवस्तुको पुष्टिकरण




ध्यान दिनुपर्ने कुराहरू हेर्नुहोस्।
प्रक्रिया गर्न नसक्ने ग्राहकहरू आदिको बारेमा व्याख्या गरिएको छ।

Step.2 देखि गर्न चाहेको प्रक्रिया अनुसार गाइड पनि फरक हुन्छ।

**कारोबारको उद्देश्य आदिको घोषणा** ・・・・・・・・・・ पृष्ठ 20
**बसाइ अवधि जस्ता जानकारी अपडेट** ・・・・・・・・・・ पृष्ठ 22

# कारोबारको उद्देश्य आदिको घोषणा (1/2)

Step. 1 ध्यान दिनुपर्ने कुराहरूको जाँच | Step. 2 व्यक्ति पहिचान प्रमाणिकरण | Step. 3 आवश्यक जानकारी प्रविष्ट गर्नुहोस् | Step. 4 प्रक्रियाका विषयवस्तुको पुष्टिकरण




खाता नम्बर भर्नुहोस्।

* खाता नम्बरको बारेमा पृष्ठ 35 मा भएको “अक्सर सोधिने प्रश्नहरू” हेर्नुहोस्।




तपाईंको नागरिकता छनौट गर्नुहोस्।




निवास कार्ड छ कि छैन, छनौट गर्नुहोस्।




आफ्नो व्यक्ति पहिचान प्रमाणिकरण गर्ने तरिका छनौट गर्नुहोस्।

* यो स्क्रिन चाहिँ प्रमाणीकरण एप प्रयोग गरेको अवस्थाको नमुना मात्र हो।

## व्यक्ति पहिचान प्रमाणिकरण गर्नेबारे

वास्तविक प्रक्रियाको लागि पृष्ठ 4 देखि 9 मा लेखिएको “व्यक्ति पहिचान प्रमाणिकरण गर्नेबारे” हेर्नुहोस्।
कारोबारको उद्देश्य आदिको घोषणाको लागि निम्न 1 देखि 3 मध्ये कुनै एउटा प्रयोग गरेर व्यक्ति पहिचान प्रमाणिकरण गर्नुहोस्।

1. पोस्ट बैंक पासबुक एप वा प्रमाणीकरण एप
2. व्यक्तिगत पहिचान कागजात ( निवास कार्ड / चालकको अनुमतिपत्र / व्यक्तिगत नम्बर कार्ड मध्ये कुनै एउटा)
3. जन्ममिति / पिन नम्बर भर्ने

व्यक्ति पहिचान प्रमाणिकरण गरिसकेपछि Step. 3 आवश्यक जानकारी प्रविष्ट गर्नुहोस् मा जानुहोस्।

# कारोबारको उद्देश्य आदिको घोषणा (2/2)

Step. 1 ध्यान दिनुपर्ने कुराहरूको जाँच | Step. 2 व्यक्ति पहिचान प्रमाणिकरण | **Step. 3 आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्** | Step. 4 प्रक्रियाका विषयवस्तुको पुष्टिकरण




कारोबारको समयमा प्रमाणीकरणबारे हेरेपछि च्याटको निर्देशन अनुसार पेशा र खाताको मुख्य उद्देश्य आदि भर्नुहोस्।

* जापानी भाषा बाहेकको भाषामा एप प्रयोग गरेको खण्डमा पनि स्वतन्त्र भर्ने स्क्रिनमा चाहिँ जापानी भाषामा भर्नुहोस्।

Step. 1 ध्यान दिनुपर्ने कुराहरूको जाँच | Step. 2 व्यक्ति पहिचान प्रमाणिकरण | Step. 3 आवश्यक जानकारी प्रविष्ट गर्नुहोस् | **Step. 4 प्रक्रियाका विषयवस्तुको पुष्टिकरण**




जाँच गर्नुपर्ने बुँदाहरू पक्का गरिसकेपछि प्रक्रियामा कुनै पनि गल्ती नभएको कुरा पक्का गर्नुहोस्। सच्याउनु परेमा "सुधार" बटन थिचेर सच्याउनुहोस्। विवरणमा गल्ती छैन भने "आवेदन दिने" बटन थिच्नुहोस्।




प्रक्रिया पूरा भयो!

* "ग्राहकहरूलाई सूचना" देखा परेमा निर्देशन अनुसार प्रक्रिया पूरा गर्नुहोस्।

विदेशी नागरिकहरूका लागि

# बसाइ अवधि जस्ता जानकारी अपडेट

| Step. 1 ध्यान दिनुपर्ने कुराहरूको जाँच | Step. 2 व्यक्ति पहिचान प्रमाणिकरण | Step. 3 आवश्यक जानकारी प्रविष्ट गर्नुहोस् | Step. 4 प्रक्रियाका विषयवस्तुको पुष्टिकरण |
|---|---|---|---|

1




खाता नम्बर भर्नुहोस्।

* खाता नम्बरको बारेमा पृष्ठ 35 मा भएको "अक्सर सोधिने प्रश्नहरू" हेर्नुहोस्।

2




तपाईंको नागरिकता छनौट गर्नुहोस्।

3




निवास कार्ड छ कि छैन, छनौट गर्नुहोस्।

## व्यक्ति पहिचान प्रमाणिकरण गर्नेबारे

वास्तविक प्रक्रियाको लागि पृष्ठ 4 देखि 9 मा लेखिएको "व्यक्ति पहिचान प्रमाणिकरण गर्नेबारे" हेर्नुहोस्।
बसाइ अवधि जस्ता जानकारी अपडेट गर्न निवास कार्ड बाट व्यक्ति पहिचान प्रमाणिकरण गर्नुहोस्।

4




बसाइ अवधि जस्ता जानकारी अपडेट सम्बन्धी नोट हेरेपछि निवास कार्डका जानकारीहरू भर्नुहोस्।

## ⓘ निवास कार्डको जानकारी राम्रोसँग रिडिङ गर्न नसकेको खण्डमा




निवास कार्डबाट रिडिङ गरेको जानकारी र भरिएको विवरण मेल खाएन भने यो एपबाट प्रक्रिया पूरा गर्न सकिँदैन।
नजिकैको Japan Post Bank वा हुलाक कार्यालय बचत काउन्टरमा प्रक्रिया गर्न अनुरोध गरिन्छ।

तपाईंको खाताको अवस्था अनुसार बसाइको अवधि जस्ता जानकारी सँगसँगै कारोबारको उद्देश्य आदिको घोषणा पनि अपडेट गर्न अनुरोध गरिएको छ।

< पृष्ठ 21 Step. 3 आवश्यक जानकारी प्रविष्ट गर्नुहोस् हेरेपछि प्रक्रिया पूरा गर्नुहोस्।

Yucho Tetsuzuki App मा गर्न सकिने कुराहरू

# ठेगाना परिवर्तन

विदेशी नागरिकहरूका लागि

उपलब्ध भाषा : अंग्रेजी र जापानी भाषा मात्र

ठेगाना परिवर्तन गर्न सकिन्छ।
यो एपबाट साधारण बचत र सेभिङ्ग बचत खाताहरूका लागि मात्र प्रक्रिया गर्न सकिन्छ।

## ● ठेगाना परिवर्तन गर्न सक्ने व्यक्तिहरू



**Japan Post Bank मा आफ्नो एकीकृत खाता बनाइसकेका व्यक्तिगत ग्राहकहरू**

### ⚠ निम्न व्यक्तिहरूले प्रक्रिया गर्न सक्नुहुन्न

- व्यवसायको लागि खाता प्रयोग गरेका व्यक्तिगत ग्राहकहरू
- कर्पोरेट / संस्था (कानुनी व्यक्तित्व बिनाको सङ्घ) का ग्राहकहरू
- वयस्क अभिभावकत्व प्रणाली प्रयोग गरेका ग्राहकहरू
- नगद सेवा प्रयोग नगरेका ग्राहकहरू

## ● प्रक्रियाका लागि आवश्यक चिजहरू

आवश्यक चिजहरू चाहिँ दैनिक प्रयोग गरेको स्मार्टफोन र व्यक्तिगत पहिचान कागजात (निवास कार्ड) मात्र हुन्।
व्यक्तिगत पहिचान कागजातको रूपमा हातमा निवास कार्ड तयारी गर्नुहोस्।

**निवास कार्ड** *



* विशेष स्थायी बासिन्दाले व्यक्तिगत पहिचान कागजात (चालकको अनुमतिपत्र वा व्यक्तिगत नम्बर कार्ड मध्ये कुनै एउटा) वा पोस्ट बैंक पासबुक एप वा प्रमाणीकरण एपबाट प्रक्रिया पूरा गर्न सक्नुहुन्छ।
* तपाईंको अनुहारको फोटो नभएको निवास कार्ड प्रयोग गर्न सकिँदैन।

# ठेगाना परिवर्तन

## प्रक्रिया सुरु गर्नु अघि चेक गर्नुहोस्।




एप प्रयोग गर्नको लागि सुचारु गरेपछि देखाइने प्रयोगका सर्तहरूमा सहमत हुनु जरुरी छ। प्रयोगका सर्तहरू छनौट गरेर विवरण पढिसकेपछि सहमत हुनुभयो भने "同意する (Agree)" बटन थिच्नुहोस्।




एपको गृहपृष्ठमा "मेरो ठेगाना वा नाम परिवर्तन गर्न चाहन्छु" छनौट गर्नुहोस्।




व्यक्तिगत जानकारीको प्रयोगबारे विवरण पढिसकेपछि सहमत हुनुभयो भने "सहमत छु" बटन थिच्नुहोस्।




"Change of address (ठेगाना परिवर्तन)" छनौट गर्नुहोस्।

* यदि तपाईं विदेशी नागरिक हुनुहुन्छ भने यो एपबाट नाम परिवर्तन गर्न सक्नुहुन्न।

# ठेगाना परिवर्तन

विदेशी नागरिकहरूका लागि

Step. 1 ध्यान दिनुपर्ने कुराहरूको जाँच | Step. 2 व्यक्ति पहिचान प्रमाणिकरण | Step. 3 नयाँ ठेगाना भर्ने




Notes (नोट) हेर्नुहोस्।
प्रक्रिया गर्न नसक्ने ग्राहकहरू र आवश्यक चिजहरू आदिको बारेमा व्याख्या गरिएको छ।

Step. 1 ध्यान दिनुपर्ने कुराहरूको जाँच | Step. 2 व्यक्ति पहिचान प्रमाणिकरण | Step. 3 नयाँ ठेगाना भर्ने




खाता नम्बर भर्नुहोस्।

* खाता नम्बरको बारेमा पृष्ठ 35 मा भएको "अक्सर सोधिने प्रश्नहरू" हेर्नुहोस्।




तपाईंको नागरिकता छनौट गर्नुहोस्।




निवास कार्ड छ कि छैन, छनौट गर्नुहोस्।

* विदेशी नागरिक (विशेष स्थायी बासिन्दा बाहेक) ग्राहकहरू निवास कार्ड प्रयोग गरेर मात्र प्रक्रिया पूरा गर्न सक्नुहुन्छ।

## व्यक्ति पहिचान प्रमाणिकरण गर्नेबारे

वास्तविक प्रक्रियाको लागि पृष्ठ 4 देखि 9 मा लेखिएको "व्यक्ति पहिचान प्रमाणिकरण गर्नेबारे" हेर्नुहोस्।
ठेगाना परिवर्तनको लागि (निवास कार्ड), पिन नम्बर भर्ने र फोनद्वारा गरिने प्रमाणीकरण अपनाएर व्यक्ति पहिचान प्रमाणिकरण गर्नुहोस्।

व्यक्ति पहिचान प्रमाणिकरण गरिसकेपछि Step. 3 नयाँ ठेगाना भर्ने मा जानुहोस्।

Yucho Tetsuzuki App मा गर्न सकिने कुराहरू

# ठेगाना परिवर्तन

विदेशी नागरिकहरूका लागि

Step. 1 ध्यान दिनुपर्ने कुराहरूको जाँच

Step. 2 व्यक्ति पहिचान प्रमाणिकरण

Step. 3 नयाँ ठेगाना भर्ने

1




देखाइएको ठेगाना हेरेर सच्याउनु परेमा “Modify (सच्याउने)” बटन थिचेर सच्याउनुहोस्।

2




विवरणमा गल्ती छैन भने “Register (दर्ता गर्ने)” छनौट गर्नुहोस्।

3




प्रक्रिया पूरा भयो!

* “ग्राहकहरूलाई सूचना” देखा परेमा निर्देशन अनुसार प्रक्रिया पूरा गर्नुहोस्।

## ⓘ राम्रोसँग ठेगाना रिडिङ गर्न नसकेको खण्डमा

1




zip code (पोस्टल कोड) भर्नुहोस्।

* zip code (पोस्टल कोड) थाहा नभएको खण्डमा “I don't know my zip code (पोस्टल कोड थाहा छैन)” छनौट गरी च्याटको निर्देशन अनुसार ठेगाना छनौट गर्नुहोस्।

2




तपाईंले भर्नुभएको zip code (पोस्टल कोड) अनुसार प्रदेश देखि ब्लक नम्बर सम्मको ठेगाना देखा पर्ने भएकोले छनौट गर्नुहोस्।

3




“ब्लक / घर नम्बर” र “कोठा नम्बर” भर्नुहोस्। कोठा नम्बर नभएको खण्डमा “No room number (कोठा नम्बर छैन)” छनौट गरेर अर्को स्क्रिनमा जानुहोस्।

* भवनको नाम नहुँदा हुलाकबाट चिठीहरू आइपुग्ने छैन भने त्यो भर्नुहोस्।

### ? “Translate into Japanese” छनौट गरेमा प्रदेश देखि ब्लक नम्बर सम्म जापानी भाषामा अनुवाद गरिनेछ।

* जापानी भाषा बाहेकको भाषामा प्रक्रिया गरेको खण्डमा मात्र देखा पर्नेछ।



विदेशी नागरिकहरूका लागि

## Yucho Tetsuzuki App मा गर्न सकिने कुराहरू

# पिन नम्बर पुनः दर्ता

उपलब्ध भाषा : अंग्रेजी र जापानी भाषा मात्र

नगद कार्डमा लगाइएको लक पनि खोल्न सक्ने भएकोले पुनः दर्ता गरेपछि नयाँ पिन नम्बरबाट तुरुन्तै प्रयोग गर्न सकिन्छ।

### पिन नम्बर पुनः दर्ता गर्न सक्ने व्यक्तिहरू

**Japan Post Bank मा आफ्नो एकीकृत खाता बनाइसकेका व्यक्तिगत ग्राहकहरू**

**⚠ निम्न व्यक्तिहरूले प्रक्रिया गर्न सक्नुहुन्न**

- व्यवसायको लागि खाता प्रयोग गरेका व्यक्तिगत ग्राहकहरू
- कर्पोरेट / संस्था (कानुनी व्यक्तित्व बिनाको सङ्घ) का ग्राहकहरू
- वयस्क अभिभावकत्व प्रणाली प्रयोग गरेका ग्राहकहरू
- नगद सेवा प्रयोग नगरेका ग्राहकहरू
- हराएको वा चोरिएको कारण नगद कार्डबाट गरिने कारोबार स्थगित गरिएका ग्राहकहरू

### प्रक्रियाका लागि आवश्यक चिजहरू

आवश्यक चिजहरू चाहिँ दैनिक प्रयोग गरेको स्मार्टफोन र निम्न 1 वा 2 मध्ये कुनै एउटा हुन्।

**1** **पोस्ट बैंक पासबुक एप**
अथवा
**प्रमाणीकरण एप**

ゆうちょ認証

**2** **व्यक्तिगत पहिचान कागजात**
(निवास कार्ड, चालकको अनुमतिपत्र वा व्यक्तिगत नम्बर कार्ड * मध्ये कुनै एउटा)

* यो एपमा गरिने प्रक्रियामा यो बैंकले तपाईंको व्यक्तिगत नम्बर प्राप्त गर्ने छैन।

# पिन नम्बर पुनः दर्ता



## प्रक्रिया सुरु गर्नु अघि चेक गर्नुहोस्।




एप प्रयोग गर्नको लागि सुचारु गरेपछि देखाइने प्रयोगका सर्तहरूमा सहमत हुनु जरुरी छ। प्रयोगका सर्तहरू छनौट गरेर विवरण पढिसकेपछि सहमत हुनुभयो भने “同意する (Agree)” बटन थिच्नुहोस्।




एपको गृहपृष्ठमा “मेरो पिन पुनः दर्ता गर्न चाहन्छु” छनौट गर्नुहोस्।




व्यक्तिगत जानकारीको प्रयोगबारे विवरण पढिसकेपछि सहमत हुनुभयो भने “सहमत छु” बटन थिच्नुहोस्।




प्रक्रियाको प्रवाह हेरेपछि “Close (बन्द गर्नुहोस्)” बटन थिच्नुहोस्।

Yucho Tetsuzuki App मा गर्न सकिने कुराहरू

# पिन नम्बर पुनः दर्ता

Step. 1 ध्यान दिनुपर्ने कुराहरूको जाँच | Step. 2 व्यक्ति पहिचान प्रमाणिकरण | Step. 3 नयाँ पिन नम्बर भर्ने




Notes (नोट) हेर्नुहोस्। प्रक्रिया गर्न नसक्ने ग्राहकहरू र आवश्यक कागजातहरूको बारेमा व्याख्या गरिएको छ।

## ⚠ ध्यान दिनुहोस् (पासबुकको पिन नम्बरबारे)

यदि तपाईंले पिन नम्बर तोकिएको सङ्ख्या भन्दा धेरै पटक गलत हालेर खाता लक भएको खण्डमा पिन नम्बर पुनः दर्ता गरेपछि पनि आफै लक खुलिँदैन।
लक खोल्नका लागि नजिकैको Japan Post Bank वा हुलाक कार्यालय बचत काउन्टरमा प्रक्रिया गर्नुपर्छ।

Step. 1 ध्यान दिनुपर्ने कुराहरूको जाँच | Step. 2 व्यक्ति पहिचान प्रमाणिकरण | Step. 3 नयाँ पिन नम्बर भर्ने




पिन नम्बर पुनः दर्ता गर्ने नगद कार्डको किसिम छनौट गर्नुहोस्।




खाता नम्बर भर्नुहोस्।

* खाता नम्बरको बारेमा पृष्ठ 35 मा भएको “अक्सर सोधिने प्रश्नहरू” हेर्नुहोस्।




आफ्नो व्यक्ति पहिचान प्रमाणिकरण गर्ने तरिका छनौट गर्नुहोस्।

* यो स्क्रिन चाहिँ प्रमाणीकरण एप प्रयोग गरेको अवस्थाको नमुना मात्र हो।




“Use a personal identification document (व्यक्तिगत पहिचान कागजात प्रयोग गर्ने)” छनौट गरेमा तपाईंले प्रयोग गर्न चाहनुभएको व्यक्तिगत पहिचान कागजात छनौट गरेर एपद्वारा रिडिङ गर्नुहोस्।

## व्यक्ति पहिचान प्रमाणिकरण गर्नेबारे

वास्तविक प्रक्रियाको लागि पृष्ठ 4 देखि 9 मा लेखिएको “व्यक्ति पहिचान प्रमाणिकरण गर्नेबारे” हेर्नुहोस्।
पिन नम्बर पुनः दर्ता गर्नको लागि निम्न ❶ वा ❷ मध्ये कुनै एउटा प्रयोग गरेर व्यक्ति पहिचान प्रमाणिकरण गर्नुहोस्।

❶ पोस्ट बैंक पासबुक एप वा प्रमाणीकरण एप

❷ व्यक्तिगत पहिचान कागजात ( निवास कार्ड | चालकको अनुमतिपत्र | व्यक्तिगत नम्बर कार्ड मध्ये कुनै एउटा)

व्यक्ति पहिचान प्रमाणिकरण गरिसकेपछि Step. 3 नयाँ पिन नम्बर भर्ने मा जानुहोस्। ›

Yucho Tetsuzuki App मा गर्न सकिने कुराहरू

# पिन नम्बर पुनः दर्ता

विदेशी नागरिकहरूका लागि

Step. 1 ध्यान दिनुपर्ने कुराहरूको जाँच | Step. 2 व्यक्ति पहिचान प्रमाणिकरण | Step. 3 नयाँ पिन नम्बर भर्ने




नयाँ दर्ता गर्ने पिन नम्बर (4 वटा अङ्क) भर्नुहोस्।

* जन्ममिति वा लगातार नम्बर जस्ता सजिलै अनुमान गर्न सकिने नम्बर चाहिँ प्रयोग गर्न सकिँदैन।




प्रक्रिया पूरा भयो! पिन नम्बरको व्यवस्थापनमा सावधानी अपनाउनुहोस्।

* "ग्राहकहरूलाई सूचना" देखा परेमा निर्देशन अनुसार प्रक्रिया पूरा गर्नुहोस्।

विदेशी नागरिकहरूका लागि

## Yucho Tetsuzuki App मा गर्न सकिने कुराहरू

# पासबुक / कार्ड पुनः जारी

उपलब्ध भाषा : अंग्रेजी र जापानी भाषा मात्र

हराएको खण्डमा पासबुक वा कार्ड पुनः जारी गर्न सकिन्छ।
साधारण बचत र सेभिङ्ग बचत खाताहरूको लागि हो।
नगद कार्डलाई म्याग्नेटिक कार्डबाट IC कार्डमा परिवर्तन गर्ने (साट्ने) प्रक्रिया पनि गर्न सकिन्छ।

* अपरेशन सहायता केन्द्रले आवेदनका विवरणहरू जाँच गर्नेछ। आवेदनका विवरणमा गल्ती भएमा तपाईंले बुझाउनुभएको इमेल ठेगानामा खबर गरिनेछ।
* पुनः जारी गर्ने कारण अनुसार तोकिएको शुल्क लाग्नेछ (आवेदन दिएदेखि पुनः जारी नसकुन्जेलसम्मको समयावधिमा खाताबाट काटिनेछ)।
* पुनः जारी गरिएको पासबुक / कार्ड चाहिँ खातामा दर्ता गरिएको ठेगानामा हुलाकबाट पठाइनेछ। त्यसैकारण, यदि दर्ता गरिएको ठेगाना हालको ठेगाना नभएमा यो एपबाट ठेगाना परिवर्तन गरेपछि मात्र पुनः जारी गर्ने प्रक्रिया सुरु गर्नुहोस् (पृष्ठ 23 हेर्नुहोस्)।

### ⚠ हराएको वा चोरिएको रिपोर्टको लागि अनुरोध

हराएको वा चोरिएको कारण पुनः जारी गर्ने प्रक्रिया सुरु गर्नुअघि पहिल्यै हराएको वा चोरिएको रिपोर्ट सेवा (WEB फर्म) वा निम्न सम्पर्क ठेगानामा सम्पर्क गर्नुहोस्।

**हराएको वा चोरिएको रिपोर्ट सेवा**
(WEB फर्म)

**सम्पर्क ठेगाना** (वर्षैभरि 24 घण्टा सेवा उपलब्ध)
कार्ड हराएको रिपोर्ट केन्द्र : **0120-794-889** (TOLL FREE)
विदेशबाट प्रयोग गरेको अवस्थामा : 045-279-6201 (कल शुल्क लाग्नेछ)

## पासबुक / कार्ड पुनः जारी गर्न सक्ने व्यक्तिहरू

Japan Post Bank मा आफ्नो एकीकृत खाता बनाइसकेका व्यक्तिगत ग्राहकहरू

### ⚠ निम्न व्यक्तिहरूले प्रक्रिया गर्न सक्नुहुन्न

- व्यवसायको लागि खाता प्रयोग गरेका व्यक्तिगत ग्राहकहरू
- कर्पोरेट / संस्था (कानुनी व्यक्तित्व बिनाको सङ्घ) का ग्राहकहरू
- वयस्क अभिभावकत्व प्रणाली प्रयोग गरेका ग्राहकहरू
- ब्रेल सेवा प्रयोग गर्ने ग्राहकहरू
- इमेल ठेगाना नभएका ग्राहकहरू
- नगद सेवा प्रयोग नगरेका ग्राहकहरू

## प्रक्रियाका लागि आवश्यक चिजहरू

आवश्यक चिजहरू चाहिँ दैनिक प्रयोग गरेको स्मार्टफोन र निम्न ❶ वा ❷ मध्ये कुनै एउटा अनि इमेल ठेगाना हुन्।

❶ **पोस्ट बैंक पासबुक एप**
अथवा
**प्रमाणीकरण एप**

ゆうちょ認証

❷ **व्यक्तिगत पहिचान कागजात**
(निवास कार्ड, चालकको अनुमतिपत्र वा व्यक्तिगत नम्बर कार्ड * मध्ये कुनै एउटा)

\+

**इमेल ठेगाना**

* यो एपमा गरिने प्रक्रियामा यो बैंकले तपाईंको व्यक्तिगत नम्बर प्राप्त गर्ने छैन।

# पासबुक / कार्ड पुनः जारी

## प्रक्रिया सुरु गर्नु अघि चेक गर्नुहोस्।

1




एप प्रयोग गर्नको लागि सुचारु गरेपछि देखाइने प्रयोगका सर्तहरूमा सहमत हुनु जरुरी छ। प्रयोगका सर्तहरू छनौट गरेर विवरण पढिसकेपछि सहमत हुनुभयो भने "同意する (Agree)" बटन थिच्नुहोस्।

2




एपको गृहपृष्ठमा "मेरो पासबुक / कार्ड पुनः जारी गर्न चाहन्छु" छनौट गर्नुहोस्।

3




व्यक्तिगत जानकारीको प्रयोगबारे विवरण पढिसकेपछि सहमत हुनुभयो भने "सहमत छु" बटन थिच्नुहोस्।

4




प्रक्रियाको प्रवाह हेरेपछि "Close (बन्द गर्नुहोस्)" बटन थिच्नुहोस्।

# पासबुक / कार्ड पुनः जारी

| Step. 1 ध्यान दिनुपर्ने कुराहरूको जाँच | Step. 2 व्यक्ति पहिचान प्रमाणिकरण | Step. 3 आवश्यक जानकारी प्रविष्ट गर्नुहोस् | Step. 4 प्रक्रियाका विषयवस्तुको पुष्टिकरण |
|---|---|---|---|

1




Notes (नोट) हेर्नुहोस्। प्रक्रिया गर्न नसक्ने ग्राहकहरू र पुनः जारीको लागि शुल्क आदिको बारेमा व्याख्या गरिएको छ।

2




पुनः जारी गर्ने विकल्प छनौट गर्नुहोस्। नगद कार्ड पुनः जारी गर्ने खण्डमा मुख्य कार्ड वा प्रतिनिधि कार्डमध्ये एउटा छनौट गर्नुहोस्।

| Step. 1 ध्यान दिनुपर्ने कुराहरूको जाँच | Step. 2 व्यक्ति पहिचान प्रमाणिकरण | Step. 3 आवश्यक जानकारी प्रविष्ट गर्नुहोस् | Step. 4 प्रक्रियाका विषयवस्तुको पुष्टिकरण |
|---|---|---|---|

1




च्याटको निर्देशन अनुसार खाता नम्बर भर्नुहोस्।

* खाता नम्बरको बारेमा पृष्ठ 35 मा भएको "अक्सर सोधिने प्रश्नहरू" हेर्नुहोस्।

2




आफ्नो व्यक्ति पहिचान प्रमाणिकरण गर्ने तरिका छनौट गर्नुहोस्।

* यो स्क्रिन चाहिँ प्रमाणीकरण एप प्रयोग गरेको अवस्थाको नमुना मात्र हो।

3




"Use a personal identification document (व्यक्तिगत पहिचान कागजात प्रयोग गर्ने)" छनौट गरेमा तपाईंले प्रयोग गर्न चाहनुभएको व्यक्तिगत पहिचान कागजात छनौट गरेर एपद्वारा रिडिङ गर्नुहोस्।

## व्यक्ति पहिचान प्रमाणिकरण गर्नेबारे

वास्तविक प्रक्रियाको लागि पृष्ठ 4 देखि 9 मा लेखिएको "व्यक्ति पहिचान प्रमाणिकरण गर्नेबारे" हेर्नुहोस्।

पासबुक / कार्ड पुनः जारी गर्नको लागि निम्न 1 वा 2 मध्ये कुनै एउटा प्रयोग गरेर व्यक्ति पहिचान प्रमाणिकरण गर्नुहोस्।

1 पोस्ट बैंक पासबुक एप वा प्रमाणीकरण एप

2 व्यक्तिगत पहिचान कागजात ( निवास कार्ड  चालकको अनुमतिपत्र  व्यक्तिगत नम्बर कार्ड ) मध्ये कुनै एउटा) र पिन नम्बर भर्ने

व्यक्ति पहिचान प्रमाणिकरण गरिसकेपछि Step. 3 आवश्यक जानकारी प्रविष्ट गर्नुहोस् मा जानुहोस्। ›

Yucho Tetsuzuki App मा गर्न सकिने कुराहरू

विदेशी नागरिकहरूका लागि

# पासबुक / कार्ड पुनः जारी

Step. 1 ध्यान दिनुपर्ने कुराहरूको जाँच | Step. 2 व्यक्ति पहिचान प्रमाणिकरण | **Step. 3 आवश्यक जानकारी प्रविष्ट गर्नुहोस्** | Step. 4 प्रक्रियाका विषयवस्तुको पुष्टिकरण




पुनः जारी गर्ने कारणबारे उत्तर दिनुहोस् वा पक्का गर्नुहोस्।




हुलाकबाट पठाइने ठेगाना (खाताको ठेगाना) मा गल्ती छ कि छैन पक्का गर्नुहोस्। गल्ती भएमा पुनः जारी गर्न नसकिने भएकोले यो एपबाट हालको ठेगानामा परिवर्तन गर्नुहोस्।




दिनको समयमा सम्पर्क गर्न सकिने फोन नम्बर भर्नुहोस्।

Step. 1 ध्यान दिनुपर्ने कुराहरूको जाँच | Step. 2 व्यक्ति पहिचान प्रमाणिकरण | Step. 3 आवश्यक जानकारी प्रविष्ट गर्नुहोस् | **Step. 4 प्रक्रियाका विषयवस्तुको पुष्टिकरण**




प्रक्रिया विवरणमा गल्ती छ कि छैन पक्का गर्नुहोस्।




आवेदनका विवरणमा गल्ती भएको बेला सम्पर्क गर्नको लागि इमेल ठेगाना भर्नुहोस्।

* विवरणमा गल्ती नभएर पुनः जारीको लागि प्रक्रिया पूरा भयो भने इमेल पठाइने छैन।




भरिएको इमेल ठेगानामा पुष्टिकरण नम्बर आउनेछ। त्यो नम्बर एपमा भर्नुहोस्।




आवेदनका प्रक्रियाहरू पूरा भयो! स्क्रिनमा देखाइने Reception number (रसिद नम्बर) अवश्य आफूसँग राखिराख्नुहोस्।

* पुनः जारी गर्न अधिकतम 2 हप्ता जति समय लाग्न सक्छ।

* पुनः जारी गरिएको पासबुक वा नगद कार्ड खातामा दर्ता गरिएको ठेगानामा अर्के ठेगानामा ट्रान्सफर गर्न नमिल्ने र सामान्य दर्ता गरिएको हुलाकबाट पठाइनेछ।

## समस्यामा परेकाहरूको लागि

# अक्सर सोधिने प्रश्नहरू

Yucho Tetsuzuki App प्रयोग गर्दागर्दै केही समस्यामा पर्नुभयो भने वेबसाइटमा रहेको अक्सर सोधिने प्रश्नहरू हेर्नुहोस्।

### Q खाता नम्बर कहाँ हेर्दा थाहा पाइन्छ?

खाता नम्बर चाहिँ कोड 5 वटा र नम्बर 8 वटाको (अधिकतम) सङ्ख्या हो। पासबुक वा नगद कार्डबाट पक्का गर्न सकिन्छ।

**पासबुक**




**नगद कार्ड**




### Q Yucho Tetsuzuki App बाट खाता खोल्ने बेला आबद्धता पुष्टि गर्ने सामग्रीको रूपमा "रोजगार प्रमाणपत्र" को फोटो खिचिन्छ, तर धेरै पाना हुने भएकोले फोटो खिच्न सकिँदैन। के गर्दा ठिक हुन्छ?

Yucho Tetsuzuki App बाट खाता खोल्ने बेला आबद्धता पुष्टि गर्ने सामग्री 1 पाना मात्र खिच्न सकिन्छ।
धेरै पानाको फोटो खिच्नु परेमा Japan Post Bank वेबसाइटमा रहेको "आबद्धता / भर्ना प्रमाणपत्र फर्म्याट" प्रिन्ट गरेपछि भरेर फोटो खिच्नुहोस् (कार्यस्थल वा शिक्षण संस्थाको व्यक्तिले फाराम भर्नुहोस्)।

### Q Yucho Tetsuzuki App बाट बालबालिकाको खाता खोल्ने प्रक्रिया गर्न सकिन्छ?

खातावाला (बालबालिका) र प्रतिनिधि (अभिभावक) दुवैजना जापानी नागरिक भएमा मात्र Yucho Tetsuzuki App बाट बालबालिकाको खाता खोल्ने प्रक्रिया पूरा गर्न सकिन्छ। जापानी नागरिक नभएका ग्राहकहरूले निवास कार्ड पुष्टि गर्नुपर्ने भएकोले Japan Post Bank वा हुलाक कार्यालय बचत काउन्टरमा प्रक्रिया गर्नुहोस्।

### Q Yucho Tetsuzuki App बाट निवास कार्ड रिडिङ गरेपछि "यो निवास कार्डबाट यो एप प्रयोग गर्न सकिँदैन" भनेर देखाइने भएकोले बसाइ अवधि जस्ता जानकारी अपडेट गर्न सकिँदैन। के गर्दा ठिक हुन्छ?

आवश्यक जानकारी रिडिङ गर्न नसकिएको हुन सक्छ।
फेरि एक पटक निवास कार्ड रिडिङ गरे पनि समस्या हटिएन भने नजिकैको Japan Post Bank वा हुलाक कार्यालय बचत काउन्टरमा प्रक्रिया गर्नुहोस्।

## Q Yucho Tetsuzuki App बाट बसाइ अवधि जस्ता जानकारी अपडेट गर्ने प्रक्रिया पूरा गर्दा तुरुन्तै खाता प्रयोग गर्न सकिन्छ?

Yucho Tetsuzuki App बाट प्रक्रिया पूरा गरिसकेपछि खाताको प्रयोगमा लगाइएको प्रतिबन्ध * तुरुन्तै हटाइनेछ।

* निवास कार्ड / बसाइ अवधि जस्ता जानकारी अपडेट पूरा नगरेको कारण लगाइएको प्रतिबन्धको लागि मात्र। अन्य कारणले खाताको कारोबार गर्न नसकेमा Japan Post Bank वा हुलाक कार्यालय बचत काउन्टरसँग सल्लाह गर्नुहोस्। साथै, निवास कार्ड / बसाइ अवधि जस्ता जानकारी अपडेट सम्बन्धी मेसेज पनि तुरुन्तै रद्द हुनेछ।

विस्तृत जानकारीको लागि
निवास कार्ड / बसाइ अवधि जस्ता जानकारी अपडेट सम्बन्धी निर्देशन हेरेका ग्राहकहरूलाई हेर्नुहोस्।

## Q Yucho Tetsuzuki App बाट पासबुक / कार्ड पुनः जारी गरेँ। पुनः जारीको लागि शुल्क चाहिँ कहिले खाताबाट काटिनेछ?

पुनः जारीको लागि शुल्क आवेदन दिएपछि पुनः जारी नसकुन्जेलसम्मको समयावधिमा खाताबाट काटिनेछ। खाताको मौज्दात अपुग नहुन होसियार हुनुहोस्।

## Q Japan Post Bank वा हुलाक कार्यालयमा Yucho Tetsuzuki App बाट प्रक्रिया गर्दा ह्यान्डलिङ शाखा नम्बर भर्न निर्देशन दिइयो। कहाँ भर्नुपर्छ?

"Japan Post Bank वा हुलाक कार्यालयमा यो एपको जानकारी गराइएको हो भने, कृपया जानकारी गराउने ह्यान्डलिङ शाखा नम्बर प्रविष्ट गर्नुहोस्" भनेर स्क्रिनमा च्याट र उत्तर दिने ठाउँ देखा पर्ने भएकोले जवाफ दिने ठाउँमा ह्यान्डलिङ शाखा नम्बर (5 वा 6 अङ्कको सङ्ख्या) भर्नुहोस्।

* एपको बारेमा जानकारी गराइएको छैन भने "जानकारी गराइएको छैन" छनौट गर्नुहोस्।

इनपुट स्क्रिन




* खाता खोल्ने बेलाको स्क्रिन हो

## समस्यामा परेकाहरूको लागि

# सोधपुछका लागि

**समस्यामा परेको खण्डमा वेबसाइटमा**

## Japan Post Bank वेबसाइट चेक गर्नुहोस्

Yucho Tetsuzuki App प्रयोग गर्ने तरिका आदिको परिचय दिइएको छ।

वास्तविक प्रयोग गर्ने तरिका र प्रक्रियाका विवरणहरू व्याख्या गरिएको छ!

धेरै भाषामा **गाइड बुक तयारी गरिएको छ**

Japan Post Bank वेबसाइट

केही समस्या भएमा

**अक्सर सोधिने प्रश्नहरूमा की-वर्डबाट खोज्ने**

キーワードを入力 検索

24 सै घण्टा जहिले पनि

**च्याटद्वारा सोधपुछ गर्ने**

वेबसाइटमा रहेको बटन थिच्नुहोस् › チャットで質問する(chatbot)

## Yucho Tetsuzuki App सम्बन्धी सोधपुछको लागि

**Japan Post Bank एप सपोर्ट डेस्क** 〈Toll Free〉

# 0120-210-765

[सम्पर्क समय] Japan Post Bank वेबसाइटको सोधपुछ पृष्ठमा पक्का गर्नुहोस्।

**अटोमेटिक भ्वाइस गाइड अनुसार "3" Yucho Tetsuzuki App पुश बटन थिच्नुहोस्। भ्वाइस गाइडको बीचमा पनि छनौट गर्न सकिन्छ।**

* मोबाइलबाट पनि नि:शुल्क फोन गर्न सकिन्छ। *IP फोन लगायतका केही प्रकारका फोनहरूबाट यो सेवा उपलब्ध नहुन सक्छ।
* यदि तपाईंको फोन आफ्रो नम्बर नदेखाउने सेटिङ्गमा छ भने माथिको नम्बरको अगाडि 186 थपेर फोन गर्नुहोस्।
* यो सेवा जापानी भाषामा मात्र उपलब्ध छ। जापानी भाषा बोल्न नसक्ने ग्राहकहरू कृपया जापानी भाषा बोल्न सक्ने व्यक्तिसँगै हामीलाई फोन गर्नुहोस्।

---

Japan Post Bank का उत्पादन तथा सेवाहरूको बारेमा बुझ्न "Japan Post Bank वेबसाइट" हेर्नुहोस्।

**https://www.jp-bank.japanpost.jp/**

हुलाक कार्यालय चाहिँ Japan Post Bank का उत्पादन तथा सेवाहरू प्रस्तुत गर्ने बैंकिङ्ग एजेन्ट हो।